म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्ष:१५ अङ्क:- १९ २०८० मंसिर २० गते बुधबार 6 December 2023, Wednesday - पृष्ठ ४ मूल्य रु. ५/-

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)



हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।

**सम्पर्क** ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

## हेटौंडाका १० विद्यालयमा खेल्दै-सिक्दै कार्यक्रम



*शनिबार जनप्रिय माविमा आयोजना गरिएको कार्यशालामा सहभागी विद्यार्थीहरु ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाका १० वटा विद्यालयमा खेल्दै-सिक्दै कार्यक्रम सञ्चालन भइरहेको छ । शिक्षक र विद्यार्थीलाई सिक्ने-सिकाउने प्रक्रियामा प्रभावकारी अभ्यास गर्न, गराउन अभिप्रेरित गराउने उद्देश्यले हेटौंडा-१६, हटियास्थित जनप्रिय माविको समन्वयमा जनप्रिय माविसँगै १० विद्यालयमा खेल्दै-सिक्दै कार्यक्रम लागु गरिएको हो ।

काठमाडौंस्थित कारखाना समूहसँगको सहकार्यमा खेल्दै सिक्दै कार्यक्रम भइरहेको छ । गत शुक्रबार र आइतबार दुइदिन १० वटा विद्यालयका २० जना शिक्षकलाई खेल्दै-सिक्दै अवधारणाबारे अभिमुखीकरणमूलक कार्यशालाको आयोजना गरिएको थियो भने शनिबार १० विद्यालयका ३० जना विद्यार्थीको सहभागितामा कार्यशाला आयोजना गरिएको थियो । गत असार देखि सुरु भएको खेल्दै-सिक्दै कार्यक्रममा ७ वटा सामुदायिक विद्यालय र ३ वटा निजी विद्यालयका २० जना शिक्षक र ६ सय विद्यार्थी सहभागी छन् । खेल्दै-सिक्दै कार्यक्रममा कक्षा ६, ७ र ८ का विद्यार्थी सहभागी छन् ।

शिक्षक र विद्यार्थी बीच सिक्ने-सिकाउने प्रक्रियामा उत्साह बढाउन, लगानशील बनाउन, अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने उद्देश्यले खेल्दै सिक्दै अवधारणा लागु गरिएको कारखाना समूहका निर्देशक हसिन शाक्यले जानकारी दिनुभएको छ । सिक्ने-सिकाउने प्रक्रियामा सक्रिय सहभागिता सुनिश्चित गर्ने, सामाजिक अन्तरक्रिया, पाठ्यक्रमका सिकाईलाई व्यवहारमा उतार्न प्रेरित गर्नु खेल्दै-सिक्दै कार्यक्रमको प्रमुख उद्देश्य रहेको शाक्यले स्पष्ट पार्नुभयो ।

खेल्दै-सिक्दै कार्यक्रमका लागि मकवानपुर जिल्ला संयोजक समेत रहनुभएकी साङ्देन घिसिङले हेटौंडा उपमहानगरका १० विद्यालयमा खेल्दै-सिक्दै कार्यक्रम प्रभावकारीरुपमा कार्यान्वयन गर्ने प्रयास भइरहेको बताउनुभयो । हेटौंडाका १० विद्यालयका शिक्षक, विद्यार्थी दुबैको उत्साहजनक सहभागिता भइरहेको उहाँको भनाइ छ । कारखाना समूहले काठमाडौं उपत्यकाका तीन जिल्लासँगै मकवानपुर, काभ्रे, कैलाली र गुल्मी जिल्लामा पनि खेल्दै-सिक्दै कार्यक्रम सञ्चालन गरिरहेको छ ।

जनप्रिय माविसँगै बालबोध मावि, बंशगोपाल मावि, नवज्योति मावि, चन्द्रोदय मावि, जनजागृति मावि, चुरियामाई मावि, सुनगाभा शिक्षा निकेतन, गौरीशंकर इंग्लिस बोर्डिङ स्कूल र मकवानपुर बालविद्या सदन खेल्दै सिक्दै कार्यक्रममा सहभागी छन् । जनप्रिय माविका अतिरिक्त क्रियाकलाप संयोजक एवम् खेल्दै-सिक्दै कार्यक्रमको अगुवाई गरिरहनुभएका युक्तलाल बिश्वकर्माले खेल्दै-सिक्दै कार्यक्रम प्रभावकारी बन्दै गएको बताउनुभएको छ । रचनात्मक तरिकाबाट बालबालिकालाई सिकाईमा सहभागी गराउने प्रयास भइरहेको उहाँको भनाइ छ । शिक्षक र विद्यार्थीका लागि आयोजना गरिएको कार्यशालामा सहजीकरणका लागि आउनुभएका कारखाना समूहका पदाधिकारीले विद्यालयको अनुगमन समेत गर्नुभएको छ ।

## फोहोर डम्पिङ गर्ने जग्गा खोज्दै उपमहानगर



*फोहर संकलनका लागि प्रयोग हुने ट्याक्टर ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले फोहोर डम्पिङ गर्ने जग्गाको खोजी गरिरहेको छ । हेटौंडाको विभिन्न क्षेत्रबाट उठेको फोहोरलाई व्यवस्थापन गर्न उपमहानगरपालिकाले केही वर्षदेखि जग्गा खोजी गरिरहेको उपमहानगरपालिकाको वातावरण शाखा प्रमुख चन्दा खड्काले जानकारी दिनुभयो ।

हेटौंडा उपमहानगरपालिकाको गाडीले दैनिक उद्योग वाणिज्य संघ हुँदै सानोपोखरादेखि जिल्ला प्रहरी कार्यालय, बसपार्क, मानसचोक, स्कूलरोड, खोपेगल्ली हुँदै रजतजयन्ती रोडबाट फोहोर उठाउने गरेको छ । हेटौंडा उपमहानगरपालिकाले वडा नम्बर १ को केही क्षेत्र तथा वडा नम्बर २, ४ र १० जस्ता बजारी क्षेत्रलाई केन्द्रित गरी फोहोर संकलन गर्दै आएको खड्काले बताउनुभयो । उपमहानगर पालिकासँग अहिले २ वटा सानो टिपर, २ वटा ट्याक्टर, एक कम्प्याक्टर र एउटा डम्पिङ साइटमै बस्ने ब्याक-हो लोडर रहेको छ । संकलन भएको फोहोरलाई पालिकाले पुनःप्रयोग गर्न मिल्ने र नमिल्ने, कुहिने र नकुहिने छुट्याएर डम्पिङ साइटमा पठाउने गरेको छ ।

खड्काका अनुसार पालिकासँग सीमित स्रोत भएका कारण सबै फोहोर छुट्याउन सकिएको छैन । यस्तै, साधनका कारण सजिलो र मिल्ने प्लाष्टिकलाई मात्र पुनःप्रयोग गर्ने गरिएको उहाँले बताउनुभयो । हेटौंडा उपमहानगरपालिकामा संकलन भएको फोहोरलाई हेटौंडा-१० स्थित राप्ती खोला किनारमा व्यवस्थापन गर्ने गरिएको छ । उपमहानगरपालिकाले करिब १४ बिगाहा जग्गामा फोहोर व्यवस्थापन गर्ने गरेको छ । डम्पिङ साइटनजिक घर नभएका कारण मानिसको स्वास्थ्यमा असर नपर्ने खड्काले बताउनुभयो । फोहोर व्यवस्थापनमा अहिले सुधार आएको उहाँ बताउनुहुन्छ । अहिले पालिकाले डम्पिङ साइटलाई जस्ताले घेराबार गरेको छ भने दुर्गन्धबाट बच्ने व्यवस्था मिलाएको छ ।

हेटौंडामा एउटामात्र फोहोर व्यवस्थापन संस्था रहेको छ । हेटौंडा उपमहानगरपालिकाले बजारी क्षेत्र हेर्ने गरेको छ भने फोहोर व्यवस्थापन गर्ने हरियो र सफा शहर सेवा प्रालिले बजारका साथ गाउँतिरको फोहोरसमेत उठाउने गरेको प्रालिका सञ्चालक नवराज खतिवडाले जानकारी दिनुभयो । खतिवडाका अनुसार संस्थाको ११ वटा गाडीले दैनिक २६ टन फोहोर संकलन गर्ने गरेको छ । उक्त संस्थाले वडा नम्बर १, २, ४, ५ र १० मा स्रोतमै फोहोर वर्गीकरण गर्ने गरेको छ भने अरु वडामा महिनाको २ पटक फोहोर संकलन गर्न जाने गरेको छ । बजार क्षेत्रमा कुहिने र नकुहिने फोहोर छुट्याएर संकलन गरिरहेको खतिवडाले बताउनुभयो ।

रुटअनुसार वडा नम्बर ८ हुँदै १८ सम्म महिनामा ५ पटक फोहोर संकलन गर्न जाने गरेको छ । बजारी क्षेत्रमा भने संस्थाको गाडी बिहान फलफूलको फोहोर लिन र दिउँसो किराना पसलको फोहार लिन जाने गरेको खतिवडाले बताउनुभयो । खतिवडाका अनुसार सरकारी कार्यालयतिर महिनामा २ पटक गाडी जाने गरेको छ । हरियो र सफा शहर सेवा प्रालिले फोहोर उठाएबापत सेवा शुल्क लिने गरेको छ । महिनामा २ पटक जाने क्षेत्रमा मासिक एक सय, महिनामा ४ पटक जाने क्षेत्रमा मासिक १ सय ४० र हप्ताको ४ पटक जाने क्षेत्रमा मासिक २ सय रुपैयाँ शुल्क उठाउने गरेको छ । हेटौंडा उपमहानगर पालिकाले २ लाख बजेट छुट्याई पालिकाको आर्थिक अवस्था कमजोर भएका सामुदायिक विद्यालयमा ५० लिटरको १ सय २६ वटा डस्टबिन हस्तान्तरण गर्ने प्रक्रियामा रहेको खरिद शाखा अधिकृत बसन्त सिटौलाले जानकारी दिनुभयो ।

हेटौंडा उपमहानगरपालिकाको महिला तथा बालबालिका शाखा प्रमुख शान्ति विश्वकर्माका अनुसार सडकमा बालबालिकाले फोहोर उठाएको पाइएमा उद्दार गरिने बताउनुभयो । बालबालिकालाई सानै उमेरमा ज्यालादारी काम गराउने व्यक्तिलाई तुरुन्तै कानुनी दायरामा ल्याइने उहाँले बताउनुभयो । बालबालिकाले सानै उमेरदेखि गाह्रो काम गर्न थालेमा बालबालिकाको शारीरिक, मानसिक र सामाजिक विकासमा असर पुग्नसक्छ । सडक, होटललगायत विभिन्न ठाउँमा बालबालिकालाई काम गरेको देखेमा श्रम कार्यालय, उपमहानगरपालिका, प्रहरी कार्यालय तथा बाल हेल्पलाइनमा सम्पर्क गर्नुपर्छ भन्ने जनचेतना जगाउनसमेत आवश्यक रहेको उहाँको भनाइ छ ।

### मिटरब्याजमा साढे १५ करोडको कारोबार

## मकवानपुरमा ४१ वटा निवेदन

समाज संवाददाता

हेटौंडाः जिल्ला प्रशासन कार्यालय मकवानपुरमा मिटरव्याजीविरुद्ध ४१ वटा निवेदन दर्ता भएको छ । दर्ता भएको निवेदनमा ९ वटा जिल्ला प्रशासन कार्यालयबाट मिलापत्र भएर गएका छन् भने १३ वटा मुद्दा कार्यालयमा रहेको र २२ वटा अदालतमा मुद्दा चलिरहेको छ ।

कार्यालयमा दर्ता भएको ४१ मुद्दामा १५ करोड ३९ लाख ९७ हजार रकम मिटरब्याजमा कारोबार भएको छ । कार्यालयबाट ९ वटा निवेदनको ४८ लाख २० हजार रकमको मिलापत्र भएर गएको कार्यालयले जनाएको छ ।

सरकारले प्रत्येक जिल्ला प्रशासन कार्यालयमा मिटरब्याज पीडितका लागि सहायता कक्षको स्थापना गरेको छ । जिल्लामा १४ करोड ९१ लाख ७७ हजार रकम बराबरको कारोबार रकमको मुद्दा फछ्र्योट हुन बाँकी रहेको छ । जसमा १० करोड १६ लाखको ४ वटा मुद्दा ठूलो रकमको रहेको छ ।

जिल्ला प्रशासान कार्यालयले मुद्दा फछ्र्यौटका लागि समन्वय गरिरहेको सहायक प्रमुख जिल्ला अधिकारी झरेन्द्रप्रसाद चापागाईं बताउनुहुन्छ । उहाँले भन्नुभयो, 'केन्द्रमा भएको मिटर ब्याज आयोगले कडारुपले कारवाही गर्न सक्छ, हामीसँग सामान्य मेलमिलाप गर्ने अधिकारमात्र हुन्छ । हामी मेलमिलाप गरेर पाठाउँछौं । कारोबारवालाहरु अदालतमा गएर फेरि मुद्दा हाल्छन्, मिटर ब्याजको समस्या उस्तै रहेको छ । सामान्य मेलमिलाप गराइरहेका छौं ।'

मिटरब्याज पीडित भनेर आउने र कुनै प्रमाण नहुँदा मेलमिलाप गराउन समस्यासमेत आउने गरेको चापागाईंको भनाइ छ । मेलमिलाप गराएको आरोपमा केही समयअघि जिल्ला अदालतमा कार्यालयविरुद्ध मुद्दा नै परेको थियो । मिटर ब्याजसम्बन्धी मुद्दा तराईका जिल्लामा धेरै हुने गरेको छ ।

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।**



# टिकटक (कथा)



✍अनुषा उप्रेती

"ममी प्लिज के मलाई अब एउटा आफ्नै एउटा नयाँ मोबाइल किनिदिनु न । कति तपाईंकै मोबाइलमा टिकटक बनाउनु, अब त म ठूली भइसकें ।" आएजाको यो नयाँ माग उसको आमा शितलालाई चित्त बुझिरहेको थिएन । साथै नयाँ मोबाइल दिएपछि त्यसैमा तल्लीन भएर पढाइ बिगार्छे भन्ने पनि शितलाको मनमा बसिरहेको डर थियो । तर जब आएजाले "मोबाइल नकिनिदिए म खानै खान्न, पढ्नै जाँदिनँ" जस्तो जिद्दी, ढिपी गर्न थालेपश्चात् शितलाको मनाहीले मात्र केही सीप चलेन, आखिर उसलाई नयाँ मोबाइल किनिदिनै पर्‍यो ।

आएजा सधैँ परीक्षामा अब्बल स्थान ल्याएर आमाबुबाको शिर उच्च राख्थी । उसलाई पढाइ लेखाइ गर्न कसैले भन्नु वा करकाप गरिराख्नु पर्दैनथ्यो तर केही समयदेखि भने आएजा उसको साथीहरुद्वारा थाहा पाइएको टिकटक एपमा भिडियो र रिल्सहरु बनाउनमै व्यस्त रहेकी थी । उसको टिकटकमा धेरै साथी बनाएर चर्चित हुने साथै अब कलाकार नै बन्ने सपना थियो ।

'आएजा, ए आएजा आइज हिँड खेल्न जाऔं" ऊसँगैका साथीहरू श्रीजु र अहिमा उसलाई गुहारिराख्थे । आएजा अब खेलेर कुदेर समय खेर फाल्नुभन्दा पनि टिकटकमा धेरैभन्दा धेरै राम्रा भिडियोहरू बनाएर चर्चित हुने कुरामा सहमत थिई । "त्यो खेलेर कुदेर के नै पाइन्छ र बरु आओ मसँग टिकटक बनाऔं । मैले गर्दा तिमीहरू पनि चर्चित हुन पाउँछौ कि । के थाहा पछि म ठूलो कलाकार बनेपछि मसँग भेट्न नपाउलौ ।" आएजामा आएको यस्तो परिवर्तन र उसका अपत्यारिला कुराले श्रीजु र अहिमा पनि बोल्नै मन नलागी हिँडें ।

"आएजा खाना सेलाइसक्यो खान आइज त । कति त्यो भिडियो बनाएर बसेकी ।" शितला दिक्क भएर उसकै कोठामा बोलाउन पुगी । बल्ल तल्ल आएजाले आमाबुबासँगै बसेर खाना खाई तर मोबाइललाई भने छोड्न सकिन ।

"हजुरले त हो नि यसलाई मोबाइल किनिदिएको । हेर्नोस् अहिले प्रतिफल निस्कियो नि । त्यस्ती आएजा अहिले यस्तो भई ।" शितलाले केही गुनासो मिश्रित चित्त नबुझ्दो विषय उनका श्रीमान् आक्षेप समक्ष राखिन् ।

"त्यस्तो बिग्रिएकी पनि छैन । उसकै पढाइको सफलतास्वरूप त नयाँ मोबाइल ल्याइदिएको नि । मलाई मेरो छोरीमा पूर्ण विश्वास छ ।" आक्षेपले पनि त्यस विषयलाई त्यही अन्त्य गरे ।

शितलाले "अनि आएजा तैँले अब अन्तिम परीक्षाका लागि तयारी त गर्दै छेस् नि ? परीक्षा नजिकिँदै छ है । विचार गर समयमै" आएजालाई सतर्क बनाइन् । "ह्या गरौँला न । अहिले नैके हत्तार छ र । बरु मलाई नयाँ रिल्स बनाउन दिनु म गएँ ।"

आएजामा आएको एकाएक परिवर्तनबाट शितला त झन् मनभित्रै डराइरहिन् । उनको छोरीको भविष्य बिग्रेला भन्ने ठूलो पीडा उनमा रह्यो । आएजा अब अरु मानिससँग बोल्न, घुलमिल हुनै छोडिसकेकी थिई । जो उसका नजिकका थिए तिनीहरुलाई पनि उसले टिकटकको पक्षमा गएर टाढाका बनाइसकेकी थिई । उसलाई आउँदै गरेको परीक्षाको त केही अत्तोपत्तो पनि नहुने गरी रिल्स बनाउन र मोबाइल चलाउनमै व्यस्त रहन्थी । कहिलेकाहीँ त ऊ गृहकार्य गर्न पनि बिर्सिन्थी । "आएजा, तिम्रो के हो यस्तो चर्तिकला ? हुँदा हुँदा अब गृहकार्य पनि गर्न छाड्यौ । उसै कक्षामा पनि ध्यान दिदैनौं ।" उसको शिक्षकको हप्काइलाई पनि उसले "भोलिदेखि सधैँ गरेर आउँछु" भनेर त्यहीँ टारी दिई ।

समय बित्दै गयो । अब शितालाले पनि आफ्नी छोरीलाई सम्झाउन हार खाइसकेकी थिई । अब यसैलाई गल्तीको पछुतो भएपछि मात्र सुध्रिन्छे भन्ने सोचिन् । आएजालाई टिकटकको यतिसम्म लत लागिसकेको थियो कि ऊ अब राम्रा राम्रा लुगा लगाई, मेकअप गरी र चल्दो बल्दो गीतमा रिल्स बनाउँदै समय खेर फाल्थी । "भोलिदेखि पो हो परीक्षा ।" यही वाक्यले एकोहोरो बनाइदियो जब उसले अन्तिम परीक्षा टाउकैमा आइसक्यो भन्ने जान्न पुगी । "अब यत्रो दिन त पढिएन होस् अब पढेर के नै हुन्छ र । उसै म पढ्नमा जान्नी नै छु नपढे पनि परीक्षामा पास त भइहालिन्छ नि ।"

आएजाले अब यही सम्झी र सङ्कल्प नै लिएर फेरि ट्रेन्डिङ गीतहरूमा रिल्स बनाउन थाली । पहिलाको आएजा जो प्रथम श्रेणी ल्याउन मरीमेटी पढ्थी र अहिलेकी आएजा जसलाई अब पास मात्र भए नि पुग्थ्यो, साँच्चै नै निकै फरक पारि सकेको थियो टिकटकले यी दुई समयअन्तरालका आएजाहरुमा ।

"आएजा के हो यस्तो यो नतिजा । अब तिमी फेल भएको पनि देख्नुपर्‍यो है हामीले । के गर्छौ अब फेरि ९ कक्षा पढी बस्छौ ।" आक्षेपको यस्तो वाक्य सुनी आएजा नाजवाफ भई । उसलाई बुबाको कुरामा पत्यार नै नलागी आफैँले नतिजाको फाइल हेरी । ऊ छानाबाट खसेझैँ झसङ्ग भई । जब बुबाको कुरा त्यस नतिजाले सत्य पुष्टि गरिदियो । आएजालाई अब ९ कक्षा फेरि दोहोर्‍याउने कुराले निकै नै चोट पुर्‍यायो । यो सबै समस्याको मूल जड टिकटक नै हो भन्ने कुराको उसलाई चेष्टा भयो । पहिलो र अन्तिम पटक नै उसलाई टिकटक र आफूले बनाएका रिल्स तथा भिडियोप्रति घृणा मिश्रित खपिनसक्नु रिस उठ्यो । "आमाबुवा अब म के गरौं । फेल भएँ भन्ने कुरा अरुले थाहा पाए के भन्लान् । यो सब यही टिकटकले गर्दा भएको हो । अब म यसलाई फर्केर पनि चलाउदिनँ । लाउनुस् आमा यो मोबाइल, अब म यसलाई आफूसँग राख्न पनि चाहन्न ।" आएजाको यस्तो भनाइ सुनी छोरी सुध्रिन्छे भनी शितला र आक्षेपका अनुहारमा केही चहक आयो ।

छोरी असफल भएर अब कक्षा दोहोर्‍याउनुपर्ने चोट त शितलालाई छँदै थियो तर छोरी सुध्रेर गलत कामको पछुतो भयो सोची उनी केही हर्षित पनि देखिइन् । "मोबाइल चलाउँदै नचलाऊ, रिल्स टिकटक नबनाउ भन्न खोजेको पनि छैन नानी । आवश्यक पर्दा मोबाइल चाहिन्छ नै अनि कहिले काही टिकटक बनाउँदा पनि केही बिग्रिँदैन । तर आफ्नो गर्नुपर्ने सबैथोक छाडेर टिकटकलाई नै सधैंका लागि अपनायौ भने अवश्य पनि यस्तै समस्या झेल्नुपर्ने छ ।" शितलाले छोरीसमक्ष सही कुरा पोखिन् ।"

"तर, ममी मैले त अब फेरि कक्षा दोहोर्‍याउनु पर्‍यो । अरुले के भन्लान् ।" आएजाले आफ्नो समस्या पोखी । "अरुले के भन्लान् भनेर के चिन्ता लिन्छौ ? जे नहुनु भइसक्यो । अब त झन् मिहिनेतका साथ पढेर पहिलाको जस्तै आमाबुवाको शिर उच्च राख्नुपर्छ छोरी ।" शितलाबाट आएको प्रोत्साहनले आएजा अब फेरि निभिसकेको मन दियोलाई नयाँ ढङ्गले बालेर पहिलाको भन्दा गाढा चमक ल्याउन प्रेरित भई । नभन्दै थाकिसकेका उसका पाइला फेरि सफलताको सिँढी चढ्न प्रेरित देखियो ।

*कक्षा-९, नवोदय शिशु सदन, हेटौंडा-४*

# चन्द्रमा



✍सक्षमकुमार झा

रातकी रानी चन्द्रमा
आकाशमा टल्किन्छिन्
दिन आउन बित्तिकै
आकाशबाट हराउँछिन्

चन्द्रमाको वरिपरि
ताराहरु झुल्किन्छ
चन्द्रमाको सुन्दरताले
सबैको मन लोभिन्छ

बादलले चन्द्रमाको
सुन्दरतालाई ढाक्छ
चन्द्रमाको कारणले
रात रमाइलो हुन्छ

रातको शोभा
चन्द्रमाले बढाउँछ
रातको अँध्यारोमा
चन्द्रमा मात्र देख्छ

बन्नुपर्छ चन्द्रमा जस्तै शालिन
दिनुपर्छ चन्द्रमा जस्तै शीतल
चम्काउनु छ चन्द्रमा जस्तै मुहार
फेर्नु छ चन्द्रमा जस्तै अनुहार

*कक्षा-९, नवोदय शिशु सदन, हेटौंडा-४*

# कहिल्यै नसोच्नु



✍प्रतुसा थापा मगर

झुटो मुस्कान देखाउने
रुदिनँ भन्ने कहिल्यै नसोच्नु
धनको लोभले आकाश छुवाउँछ
भन्ने कहिल्यै नसोच्नु


जहिल्यै म एक्लै रमाउँछु कसैको साथ
चाहिँदैन भन्ने कहिल्यै नसोच्नु
अपाङ्ग हुँदा पनि हाँसो देखाउने सामान्य
हुन चाहान्न भन्ने कहिल्यै नसोच्नु

भय कुनै पर्दा होइन यसले
राम्रो गर्छ भन्ने कहिल्यै नसोच्नु
साँचोले संसार सपार्छ
झुटो बोलेर संसार सिगार्ने कहिल्यै नसोच्नु

सङ्घर्ष नगरी उचाईमा
पुग्छौं भन्ने कहिल्यै नसोच्नु
संसारमा दुःख मात्रै छ भनी
आफू कमजोर बन्ने कहिल्यै नसोच्नु

*कक्षा-७, कमाने एकेडेमी, हेटौंडा-८*

# रिस



✍रेखा उपाध्याय

रिस हो सबैको शत्रु
रिसले सबै नासिन्छ
रिस हो झगडाको बीउ
रिसले सबथोक मासिन्छ

रिसदेखि सबै भित्रको घृणा
मनदेखि चिच्याएर कराउँछ
रिसको हितकारी मित्र बन्न
सम्पूर्ण लोक आफैं डराउँछ

रिसाहाले सबैभित्र भयानक
रिस नै भेटाउँछ
मानिसको असल व्यवहार
मनभित्र नै मेटाउँछ

त्यसैले त रिस रहँदैन
मित्र सारा जगतभरी
मन दुखाउने र दुख्ने
पनि भेटिन्छन् सायद घरीघरी

कि त मेल कि त झेल
सारा आफन्त तथा सर्व सम्पति
स्वहा भई रिसको अन्त्यमा हुन्छ
कहाली लाग्दो नराम्रो दुर्गती हुन्छ

*कक्षा-७, कमाने एकेडेमी, हेटौंडा-८*

# किताब



✍रोसिका भट्टराई

किताब हो ज्ञानको धारा
किताब नै हो विद्यार्थीको सहारा

नयाँ नयाँ किताब पढ्छौं
गरौं ज्ञानको विकास
किताब पढ्दा पनि
हुँदैन ज्ञानको अभाव

मिलिजुली किताब पढ्दै
देशको विकास गरौं
किताबको पुजा गर्ने गरौं
अनि अघि अघि बढ्दै

किताबको सम्मान गरौं
सुन्दर नेपाल बनाऊ

*कक्षा-७, अमर मावि, हेटौंडा-१*

# मेरो सपनाको उडान



✍शिशिका बानियाँ

आमा-बुबाको आशा पूरा गर्न
आफ्नो भविष्य आफैं कोर्न
कठिनाइको महासागर तर्छु
आफ्नो सपनाको उडान भर्छु ।

सगरमाथा शिखरमा पुग्छु
सफलताले आकाश चुम्छु
आफ्नो पङ्ख फिँजाएर
आफ्नो सपनाको उडान भर्छु ।

समाजको चार घेराभित्र
असफलतालाई बनाउदिन मित्र,
स्वतन्त्रताका निम्ति आफैं लड्छु
आफ्नो सपनाको उडान भर्छु

सुख-सयल जीवनलाई त्यागी
मिहिनेतको पथमा लागी
कठिन यात्रा पूरा गर्छु
आफ्नो सपनाको उडान भर्छु

*कक्षा-१०, जीएस निकेतन, हेटौंडा-५*

# मेरो फूलबारी



✍ ज्योती गोतामे

आहा ! कति राम्रो
फूलबारी हाम्रो
रङ्गीचङ्गी फूल
गोडमेलमा भूल

आहा ! कति राम्रो
फूलबारी हाम्रो ।
फूल टिप्न हुन्न
काँडालाई छुन्न

दिन्छु मल-पानी
मेरो राम्रो बानी

*कक्षा-५, ज्ञानदा मावि, हेटौंडा-१०*

# नेपालमा पर्यटन प्रवर्धनका उपायहरू



✍विभूति न्यौपाने

नेपालमा विश्वका विभिन्न देशबाट मानिसहरू विभिन्न उद्देश्यका साथ नेपाल घुम्न आउँछन् । यहाँका अद्वितीय प्राकृतिक सम्पदाहरु जस्तैः हिमाल, पहाड, हिमचुचुरा, नदीनाला, जङ्गल, धार्मिक र सांस्कृतिक सम्पदाहरु आदिले नेपाललाई अति सुन्दर बनाएका छन् ।

व्यक्तिले एक ठाउँबाट अर्को ठाउँ घुम्ने वा यात्रा गर्ने कामलाई पर्यटन भनिन्छ । कुनै पनि देशको आर्थिक विकासमा पर्यटनले महत्वपूर्ण भूमिका खेल्छ । नेपालको सन्दर्भमा, हिमाली क्षेत्रमा अवस्थित भूपरिवेष्टित देश पर्यटन आर्थिक वृद्धिको प्रमुख संवाहक हुन सक्ने सम्भावना छ । तर, पर्यटनको फाइदालाई पूर्णरूपमा सदुपयोग गर्न पर्यटन विकासका लागि प्रभावकारी रणनीतिहरू लागू गर्न जरूरी छ ।

पहिले, पर्यटकलाई आकर्षित गर्न पूर्वाधार विकास आवश्यक छ । सडक, विमानस्थल र रेलमार्ग लगायतका यातायात सञ्जालमा सुधार गर्नाले पर्यटकलाई देशका विभिन्न भागमा पुग्न सहज बनाउन सकिन्छ । थप रूपमा, होटल, रिसोर्ट र अन्य आवास सुविधाहरुको विकासमा लगानीले समग्र पर्यटन अनुभव बढाउन सक्छ । पूर्वाधारमा सुधार गरेर नेपालले पर्यटकका लागि थप स्वागतयोग्य वातावरण सिर्जना गरी उनीहरूलाई लामो समयसम्म बस्न प्रोत्साहित गर्न सक्छ ।

दोस्रो, साँस्कृतिक सम्पदा र प्राकृतिक आकर्षणको प्रवर्द्धन गर्नु पर्यटकका लागि महत्वपूर्ण आकर्षण हुन सक्छ । नेपाल साँस्कृतिक विविधता- प्राकृतिक सौन्दर्यमा धनी छ । यहाँका भव्य पहाडहरू, प्राचीन मन्दिरहरु र जीवन जीवन्त चाडपर्वका कारण नेपाली संस्कृतिका यी अनुपम पक्षहरूलाई संरक्षण र प्रदर्शन गरेर देशले केही फरक अनुभव गर्न चाहिने पर्यटकहरुलाई आकर्षित गर्न सक्छ । साँस्कृतिक कार्यक्रमको आयोजना, सङ्ग्रहालय र सम्पदास्थलहरुको स्थापना र यिनको पर्यटन गतिविधिहरूको प्रवर्द्धनमार्फत् आकर्षित गर्न सकिन्छ ।

यस बाहेक, नेपालमा पर्यटक आकर्षित गर्न मार्केटिङ र प्रवर्द्धन महत्वपूर्ण छ । देशले प्रभावकारी मार्केटिङ अभियानहरु विकास गर्न आवश्यक छ जसले यसको अद्वितीय बिक्री बिन्दुहरू हेर्छ र पर्यटन बजारको विशिष्ट क्षेत्रहरुलाई लक्षित गर्दछ । सामाजिक सञ्जाल, यात्रा वेबसाइटहरु र अन्तर्राष्ट्रिय पर्यटन मेलाहरु जस्ता विभिन्न च्यानलहरू मार्फत् गर्न सकिन्छ । ट्राभल एजेन्सीहरू र टुर अपरेटरहरूसँगको सहकार्यले फराकिलो पनि दर्शकमाझ पुग्न र पर्यटक आगमन बढाउन मद्दत गर्न सक्छ ।

यी रणनीतिहरूको अतिरिक्त, दिगो पर्यटन अभ्यासहरूलाई प्राथमिकता दिनु महत्वपूर्ण छ । नेपालको प्राकृतिक सौन्दर्य यसको सबैभन्दा ठुलो सम्पति हो । यसलाई भविष्यका पुस्ताका लागि संरक्षण गर्न महत्वपूर्ण छ । जिम्मेवार पर्यटन प्रवर्द्धन, वातावरणीय प्रभाव न्यूनीकरण र स्थानीय समुदायलाई सहयोग गर्ने जस्ता दिगो पर्यटन अभ्यासहरू कार्यान्वयन गर्दा नेपालको पर्यटन उद्योगको दीर्घकालीन व्यवहार्यता सुनिश्चित गर्न सकिन्छ । अन्तमा, पर्यटनले नेपालको आर्थिक विकासमा ठूलो योगदान पुर्‍याउने सम्भावना छ । पूर्वाधार विकास, साँस्कृतिक प्रवर्द्धन, प्रभावकारी बजारीकरण र दिगो अभ्यास जस्ता रणनीतिहरू कार्यान्वयन गरेर नेपालले थप पर्यटकहरु आकर्षित गर्न र समृद्ध पर्यटन उद्योग सिर्जना गर्न सक्छ । नेपालको पर्यटनको पूर्ण सम्भावनालाई साकार पार्न र यसको दीर्घकालीन दिगोपन सुनिश्चित गर्न सरकार, निजी क्षेत्र र स्थानीय समुदायले मिलेर काम गर्नु महत्वपूर्ण छ ।

*कक्षा-८, जिएस निकेतन मावि, हेटौंडा-५*

# लैङ्गिक भेदभाव



✍सर्जु भण्डारी

आमा ती जननी भई पुरुषको पैदा गराए पनि
त्यागी नाम-थरै भुली घर थलो डाँडा कटाए पनि
नारीलाई विभेद जो हुन गयो ढल्यो छहारीहरु
नल्याए सब दाइजो काट्छन् बुहारीहरु ॥

बोकी बंशज लाश काँध पिठमा माता पिता अन्त्यमा
छोरा भाइ बराबरी म बहिनी न्यायिक यो सत्यमा
छोराले ढिकुरो बनाउँछ भनी जन्माउने रापले
हो छोरी भनी हेरी पेटबिचमा हत्या हुने पापले ॥

छोरी जात दबाउने चलन भो त्यो निर्णयै सिन्धुमा
नारी भेद हटाउनु अबगुण वार्ता रुपी विन्दुमा
नारी मान चलेन निर्णय कतै नेता सबै जानून्
आमाको शवमा जलाउन दियो पण्डितले मानून् ॥

बाबुको ढिकुरो उठी पुजनमा रोके बुहारीहरु
प्रतिस्थापन खै भएन गुरुजी लैङ्गिक् जुहारीहरु
नारीले सकिनन् उठाउन ढिकुरो आफ्नै मुमाको किन ?
चेली सक्दिन शोकमा कि गुरुजी त्यो पिण्ड दानै दिन ॥

छोरी जात रजस्वला हुन गए त्यो ढिकुरो बारीमा
सम्झेनौ रगताम्य पारी गुरुजी पैदा भयौ सारीमा
सुत्केरी म हुँदा अशुद्ध कहियो न्यायिक हत्या भयो
मेरो सन्तति बालकै छुनु भयो निसाफ कस्तो छ यो ॥

मान्दैनौ नि रजस्वला पछि तिमी नारी किशोरी छुन
सिँगानै पुछि आउने कि गुरुजी छर्केर पानी सुन
नारी जात उठे नहेप नर हो तातो रगत बोकियो
चेलाचेलीमा समानता नभई यो विकास नै रोकियो ॥

*कक्षा-८, बालजागृति इङ्लिस सेकेण्डरी स्कूल, हेटौँडा-२*

# जीवनको यात्रा



**पियुषा गोले**

जीवन धेरै गाह्रो छ हेर हार नमान न
बाटोमा धेरै मोड आउँछ सोचेर छान न ।
यो यात्राभित्र गरेर केही देखाउनु छ है
आमा र बाबाको उच्च शिर बनाउनु छ है ॥

अरुको कुरा नसुनी अघि बढनु पर्छ है
अरूको इख नगरी मात्र सफल बन्छ है ।
सोचेर मात्र हुँदैन हेर, गरेर देखाऊ
राम्रो आशिष पाउनलाई अरुलाई सघाउ ॥

कहिले जित कहिले हार जीवनको खेल
छुटिँदै जान्छ भेटिँदै जान्छ धोकाकी सामेल ।
रूढिले घेरी सदैव हामी साँघुरो सोचाई
थरी न थरी औकात हेरी मान्छेको रोजाई ॥

आफ्नो सोचाईमा भर पर्छ जीवनको रूप
दिएर दुःख अरुलाई छली नबनौं कुरूप ।
जे भएपनि जहाँ भएपनि जीवनको जात्रा
सबैलाई छाडी, निधनपछि सकिन्छ यो यात्रा ॥

*कक्षा-१०, ब्रह्मदिक् एकेडेमी, हेटौँडा-४*

# किसानको दुख



**सुमि थिङ**

मेरो बुवा किसान
माटो किसानको निसान
खेतमा किरा समान
धान रोप्छन् असारमा

किसानको मन नमार
अन्न फलाउने किसानले
त्यही खाने हो हामीले
ताजा-ताजा खाना खाई

राखौं आफ्नो स्वास्थ्यको ख्याल
मेरा लागि किसान भगवानको स्वरुप
कस्तो दुख गरी-गरी फलाउने अन्न
म किसानको दुखदेखि भइसकेँ दङ्ग

हामी पनि हो किसानको सन्तान
किसानको दुख देखी गर्न सकिन्न अनुमान
अर्को जन्ममा पनि हुन पाउँ किसानको सन्तान
नहुँ म हामी कहिले पनि किसानसँग अञ्जान

*कक्षा-७, अमर मावि, हेटौँडा-१*

# बालश्रम



**प्राश्ना कटुवाल**

आँसु त देख्छन् तर देख्दैनन् यी मनका चोटहरू,
मन छिया छिया हुन्छ जब यी नराम्रा वचनहरु।
साना साना काँधमा हालेका छन् धेरै बोझहरु
चिरा चिरा भएका छन् यी कलिला हातहरू ॥

कलियुग आएछ भए दानव सारा मनुष्यहरू
दया माया त छोडे भए निर्दयी कहिले सारा मान्छेहरू ।
त्यो सानो बालकले काम गर्दा तिम्रो मन पोले न र ?
५ वर्षको नानीको बलात्कार हुँदा तिम्रो आँखाबाट आँसु झरेन र ?

पढ्न त पढे बालश्रमको बारेमा
तर कसैले सोचेनन् त्यी निर्दोषको बारेमा ।
बालापन त बिर्से धुलोमैलो भयो जीवन
त्यही पनि खोज्दैछौँ यही मैलोमा हाम्रो जीवन ॥

काम गर्दा गर्दा हातमा ठेला उठिसके
कति रून्नु रूँदा रूँदा आँखा पनि सुकिसके ।
भन्दछन् कोही नहुनेको भगवान हुन्छन्
तर सायद आज भगवान पनि निष्ठुरी भएछन् ॥

यो सारा दुःख कष्टबाट निकास खोज्दैछु
खुसीको दिन आउला भनी दिनहरु गन्दैछु ।

*कक्षा-७, माउण्ट एभरेष्ट इंग्लिस बोर्डिङ स्कूल, हेटौँडा-८*

# विद्यार्थीको परिचय



**दिभिया मोक्तान**

हेटौँडा-१९, बस्तीपुरस्थित निर्मल माविमा कक्षा-२ को अङग्रेजी माध्यममा पढ्ने दिभिया मोक्तान एक असल अनि जेहेनदार छात्रा हुन् । उनी अहिले नौ वर्षकी भईन् । दिभियाको घर हेटौँडा-१२, पाल्दमार हो । उनको घरमा ५ जना परिवार सदस्य हुनुहुन्छ । उनको बुबाको नाम भीम बहादुर मोक्तान हो भने आमाको नाम दिल कुमारी मोक्तान हो ।

दिभियाको बुबाले गलैचा बुन्नु हुन्छ । उनकी आमा एक असल गृहिणी हुनुहुन्छ । दिभियालाई पढ्न र लेख्न असाध्यै मन पर्दछ । साथै, उनलाई गणित मनपर्ने विषय हो । दिभियालाई चित्र बनाउन मन पर्छ । उनलाई घरमा आमा बुबालाई सहयोग गर्न मन पर्छ भने विद्यालय सफा भएर जान मन पर्दछ । दिभियासँग घरमा आमा, बुबा, हजुरआमा, भाई बस्नुहुन्छ । उनको एक सुन्दर परिवार छ ।

दिभिया अहिले निर्मल माध्यमिक विद्यालय, बस्तीपुरमा अध्ययनरत हुनुहुन्छ । उहाँ कक्षा-२ मा पढने एक असल तथा जेहेन्दार छात्रा हुनुहुन्छ । दिभियाले कक्षामा सधै राम्रो अक्षरमा लेख्नुहुन्छ । उहाँ विद्यालयकै असल विद्यार्थीमध्ये एक हुनुहुन्छ । दिभिया फुर्सदको समयमा चित्र कोर्नु हुन्छ । दिभियाले कोर्नुभएको चित्र हेटौँडाबाट प्रकाशित हुने दैनिक पत्रिकाहरुमा प्रकाशन समेत भइरहन्छ । दिभियाको नेतृत्व क्षमता पनि अनुकरणीय छ । कक्षाकोठामा साथीहरुको नेतृत्व गर्न, विविध क्रियाकलापमा साथीहरुलाई पनि सहभागी हुन प्रेरित गर्ने काममा पनि दिभिया सहयोगी भूमिकामा सक्रिय हुनुहुन्छ ।

# जुनेली साँझलाई फर्केर हेर्दा

**पुस्तक चर्चा**



**मनोहर पोखरेल**

मेरो नाम जेनिशा अधिकारी हो । गत महिना मेरो विद्यालयमा भएको पुस्तक मेलामा मैले पनि पुस्तक किनेकी थिएँ र आज म त्यस पुस्तकको समिक्षा गर्न गइरहेको छु ।

यो पुस्तकको नाम जुनेली साँझ हो । यो कथाको किताब हो । यसमा ४ वटा कथाहरु छन् । यो बाल कथासंग्रह अन्तर्गत पर्दछ । सिमलचरी खै खै लाहुरे, हिराको नदि, अजम्बरी फल चाहिँ ती ४ वटा कथा हुन् र यि मध्ये मलाई अजम्बरी फल मनपर्छ । र यस कथामा रामप्रसाद कान्छा, माया, सरस्वती, लक्ष्मी गंगाहरु मुख्य पात्र हुन् । यस कथामा रामप्रसाद र कान्छाको आमा बा सानैमा बितेको हुन्छन् र ठूलो भएर रामप्रसादले बिहे गर्छन् र श्रीमती माया केहि महिनामा हराउँछिन् । तर पछि श्रीमती माया त भेटिन्छिन् तर यस कथामा रामप्रसाद र कान्छाको आमाबा न बितेको भए यो कथा अझ सुन्दर हुने विश्वास गरेकी छु ।

*कक्षा-५, माउन्ट एभरेष्ट इंग्लिस बोर्डिङ स्कूल, हेटौंडा-८*

# गुरुवर



**अग्रता रेग्मी**

विद्यालय एक मन्दिर
मन्दिरको भगवान गुरुवर

ज्ञानको ज्योति प्रदान गरी
हामीलाई चेतनशील बनाउने गुरुवर
गुरुवरको महीमामा नतमस्तक
छ सम्पूर्ण जगत चराचर

गुरु ब्रम्ह गुरु विष्णु गुरु देव महेश्वर
हामी पनि बन्नु पर्छ अर्जुन अनि युधिष्टिर
ज्ञानी भई सत्मार्गमा हिँडी
राख्नुपर्छ सधैं नै गुरुवरको उच्च शिर

*कक्षा-४, बालजागृती इग्लिस सेकेण्डरी स्कूल, हेटौँडा-२*

# सम्मान



**जेनिशा अधिकारी**

डाँडापाखा वरिपरि सुन्दर नदीनाला
उस्तै राम्रो त्यो सानो पोखरी र ताल ॥
पवित्र छ यो कञ्चन निर्मल पानी पनि
रुखले पनि दिन्छ छायाँ बटुवालाई भनी ॥

समान छन् यहाँ सबै मिली बस्छौं हामी
फरक-फरक फूलको एउटा फूलबारी बनी ॥
उस्को पनि रगत उस्तै मेरो पनि उस्तै
थरीथरी फूलको एकै माला भए जस्तै ॥

फरक धर्म, संस्कृति र पहिचान हाम्रो
भाषा र भेषभुषा अझै धेरै राम्रो ॥
समान छन् यहाँ सबै कुनै भेद छैन
अत्याचार भयो भने बस्नुहुन्न मौन ॥

गर्नुपर्छ हामीले सबैको सम्मान
गर्नुहुन्न कहिल्यै नि कसैको अपमान ॥

*कक्षा-५, माउण्ट एभरेष्ट इङ्गलिस बोर्डिङ स्कुल, हेटौँडा-८*

# हाम्रो विद्यालय



**स्मृती तामाङ**

मलाई राम्रो लाग्छ मेरो विद्यालय
वरिपरी हरियाली यही परिचय
सुन्दर छ, शान्त साह्रै रमाइलो
घामलाग्दा देखिन्छ साह्रै घमाइलो

नजिक छ मन्दिर बन्छ टिन टिन घण्टी
पुजा गर्न आउनुहुन्छ हाम्रो सानी अन्टी
कापी किताब बोकेर हिँड्छु म आमा
छोटो भइसक्यो मेरो सिलाइदेउ न जामा

*कक्षा-५, ज्ञानदा मावि, हेटौँडा-१०*

# बाबा



**अनुश्रीया अधिकारी**

मैले संसार देख्नु अघि संसार सजाउने
मेरा हरेक हाँसोमा आफै हराउने
ताते ताते गर्दै मलाई हिँड्न सिकाउने
सही गलत के हो भनी चिन्न सिकाउने ।

जिन्दगीको हरेक क्षणमा मान्दैनौ कहिले हार
जस्तो परिस्थिति आए पनि हुन्छौं सधै तयार
मलाई अघि बढ्न सधै दिने गर्छौं हौसला
अर्को जुनीमा तिमीलाई भेटौला कि न भेटौला ?

बाबा तिम्रो हरेक दुःख मेट्न चाहान्छु
तिम्रा हरेक हाँसोमा दुःख सेक्न चाहन्छु
बाबा तिमो मिहिनेतको सधैं कदर गर्न सकूँ
मेरा हरेक प्रगतिमा तिम्रा दुःख फेर्न सकूँ

पिपल जस्तै दिएका छौं शीतल माया
तिमी मेरो प्रेरणाको ठूलो छाँया
मेरा निम्ति बिर्सेका छौं दिन र रात
तिमी मेरो जीवनको दाहिने हात ।

*कक्षा-९, जीएस निकेतन, हेटौँडा-५*

# उचाई



**प्रिस्किला राई**

सुनौलो विहानीको आगतसँगै
ओठमा त्यो माथि मुस्कान बोकेर
माथि उचाईमा पुग्ने इच्छा सँगै
हिँडे म कापी कलम लिएर

यात्रा छ लामो सङ्घर्षले भरिपूर्ण
माथि अझै पुग्नै बाँकी छ
समय कम अनि धेरै पर्खन

सूर्य पनि छ माथि विशाल अनौठो
पढाईमा नै पाइन्छ अवसर सुनौलो

ढुङ्गा छुँदैमा सुन बन्दैन
इच्छा राख्दैमा माथि पुग्दैन
आफ्नो आत्मविश्वास बनाउनु हो
थोरै परिश्रमले आघि बढ्न निकै गाह्रो

तर म निकै आशावादी भएर काम गर्छु
अब आफ्नो भार र जिम्मेवारी काँधमा थाप्छु
लड्ने र लडाउनेसँग डराउने छैन
सफलताको उचाइमा नपुगे ठूलो बनिदैन ।


*कक्षा-७, कमाने एकेडेमी, हेटौँडा-८*


# चित्रकला





**आयुषा सुनार**
**कक्षा-३, निर्मल मावि, हेटौडा-१९**



**सोइना स्याङ्तान**

# हेटौंडा च्यालेन्ज कप फुटबल प्रतियोगिताको आयव्यय सार्वजनिक

समाज संवाददाता

हेटौंडाः गतसाता सम्पन्न भएको स्वर्गीय सुदर्शन घिमिरे स्मृति यु-२१ हेटौंडा च्यालेन्ज कप फुटबल प्रतियोगिताको आयव्यय सार्वजनिक गरिएको छ । आयोजक एफसी मुण्डियालले मंगलबार प्रतियोगिताको आयव्यय सार्वजनिक गरेको हो ।

मंसिर ५ गतेदेखि १३ गतेसम्म हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा भएको प्रतियोगितामा आयोजकलाई १ लाख ७ हजार रुपैयाँ घाटा भएको जनाइएको छ। घाटा भएको रकम क्लबका अध्यक्ष सुविन घिमिरेले व्यहोर्ने बताइएको छ । प्रतियोगितामा ७ लाख ३ हजार २ सय २५ रुपैयाँ खर्च भएको थियो। जसमा विभिन्न दाताहरुबाट ५ लाख ९५ हजार रुपैयाँ संकलन भएको बताइएको छ । संकलन भएको रकममध्ये २ लाख ३४ हजार रुपैयाँ पुरस्कारमा खर्च भएको हो।

यस्तै, आयोजक र रेफ्रीका लागि ४५ हजार रुपैयाँ खर्च भएको विवरण सार्वजनिक गरिएको छ। स्टेज सजावटका लागि २९ हजार १ सय रुपैयाँ, प्रचार प्रसारका लागि ७६ हजार ५ सय रुपैयाँ, चौर मर्मत तथा सम्भारका लागि २८ हजार ५ सय रुपैयाँ, प्रतियोगिता अवधिभर चिया तथा खाजा खर्चमा ४० हजार रुपैयाँ र विविधमा ८ हजार ९ सय ५० रुपैयाँ खर्च भएको आयोजकले जनाएको छ । आयोजकले प्रतियोगिता सञ्चालन गर्दा नाफा भएमा जाजरकोट र रुकुमका भूकम्प पीडितलाई उपलब्ध गराउने निर्णय गरेको थियो । १४ टिम सहभागी प्रतियोगिताको उपाधि रिगल हेटौंडा रिसोर्ट एन्फा मकवानपुरले जितेको थियो।

# ५ किलो चाँदीसहित ३ जना पक्राउ

समाज संवाददाता

हेटौंडाः पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौंडा-१५ स्थित प्रहरीको सुरक्षापोष्टबाट मकवानपुर प्रहरीले ५ किलो चाँदीसहित ३ जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा चितवन जिल्लाको खैरहनी नगरपालिका-३ का ३२ वर्षीय राम भट्ट, भरतपुर महानगरपालिका-२९ का २७ वर्षीय मिन बहादुर गुरुङ र भारत महाराष्ट्रका २४ वर्षीय बिजय मारुती रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। सोमबार प्रहरी चौकी रातोमाटेबाट खटिएको प्रहरी नायब निरीक्षकको टोलीले बारा जिल्लाको पथलैयाबाट हेटौंडातर्फ आउँदै गरेको बा १२ च ७१४० नम्बरको कारलाई सुरक्षाजाँच गर्दा कारको पछाडी लुकाई ल्याएको ५ किलो चाँदी बरामद गरेको थियो । चाँदी, कार र तीनै जनालाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय लगिएको प्रहरीले जनाकारी दिएको छ।

# बालहेल्पलाईनले रोक्यो ६ वटा बालविवाह

समाज संवाददाता

हेटौंडाः बालबालिकाको क्षेत्रमा काम गर्ने संस्था सिविन बाल हेल्पलाईन मकवानपुरले ६ वटा बालविवाह रोक्न सफल भएको छ । बालहेल्पलाईन मकवानपुरका संयोजक झविन्द्र ज्ञवालीका अनुसार चालु आर्थिक वर्ष २०८०/८१ को कार्तिक मसान्तसम्म ६ वटा बालविवाह रोक्न सफल भएको हो । चालु आर्थिक वर्षको साउनदेखि कार्तिक मसान्तसम्ममा ६ वटा बालविवाहका मुद्दा दर्ता भएकोमा ६ वटै रोक्न सफल भएको हो । जुन घटनामा ५ जना बालिका रहेका छन् भने एक जना बालक संलग्न थिए ।

गत आर्थिक वर्ष २०७९/८० मा ४२ वटा बालविवाह घटना बाल हेल्पलाईनमा दर्ता भएको थियो। जसमध्ये ३५ वटा बालविवाह रोक्न सफल भएको ज्ञवालीले जानकारी दिनुभएको छ । गत आर्थिक वर्षमा हेटौंडा उपमहानरपालिकामा सबैभन्दा बढी बालविवाहका घटना भएको देखिएको छ। गत आर्थिक वर्षमा हेटौंडामा सबैभन्दा बढी ११ बालविवाहका घटना भएको थियो। जसमा ६ जना बालिका र ५ जना बालक बालविवाह संलग्न थिए। यस्तै मकवानपुरगढी गाउँपालिकामा १० वटा बालविवाहका घटना भएको थियो। जसमा ६ जना बालिका र ४ जना बालक घटनामा संलग्न थिए ।

यस्तै मनहरी गाउँपालिकामा ७ वटा बालविवाहका घटना भएको थियो। जसमा ६ जना बालिका र एक जना बालक बालविवाहमा संलग्न थिए। यस्तै कैलाश गाउँपालिका र भीमफेदी गाउँपालिकामा समान ४-४ वटा बालविवाहका घटना भएको थियो । बागमती र राक्सिराङ गाउँपालिकामा समान एक-एक बालविवाहका घटना भएको थियो। गत आर्थिक वर्षमा मकवानपुरको इन्द्रसरोवर, थाहा नगरपालिका र भीमफेदी गाउँपालिकामा भने बालविवाहका कुनै घटना भएनन् । आर्थिक वर्ष २०७८/७९ मा ४७ वटा बालविवाहका घटना भएकोमा ४० वटा बालहेल्पलाईनले रोकेको थियो ।

# टी-२० क्रिकेट प्रतियोगिताका लागि मकवानपुरबाट टिम छनोट गरिने

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लांमा हुन लागेको क्वाड टी-२० प्रिमियर लिग क्रिकेट प्रतियोगिताका लागि मकवानपुरका खेलाडीहरु छनोट गरिने भएको छ । मकवानपुर जिल्ला क्रिकेट संघले सूचना प्रकाशन गर्दै क्रिकेट खेलप्रति रुचि भएका खेलाडीहरुलाई छनोट गर्न लागेको जनाएको छ ।

मकवानपुर जिल्लाका क्रिकेट खेलप्रति रुचि भएका र क्रिकेट प्रेमी खेलाडीहरुलाई बुधबार र बिहीबार हेटौंडा-४ स्थित हुप्रचौरमा अभ्यास खेलमा सहभागी गराएर खेलाडी छनौट गर्ने संघ अध्यक्ष करन महत्रा क्षेत्रीले जानकारी दिनुभयो। अभ्यास खेलमा सहभागी भएका खेलाडीहरुमध्ये उत्कृष्ट १४ जना खेलाडी छनोट गरी चितवनमा हुने क्वाड टी-२० क्रिकेट प्रतियोगितामा सहभागी गराउन लागिएको उहाँले बताउनुभयो ।

वार्षिक क्यालेन्डरअनुसार हरेक वर्ष यस्तो प्रतियोगिता विभिन्न जिल्लाले गर्ने गरेको उहाँले बताउनुभएको छ । यही मंसिर २४ गतेदेखि हुनसक्ने प्रतियोगितामा चितवन, नवलपुर, पर्सा र मकवानपुर जिल्लाका ४ वटा टिमको सहभागिता र हनेछ । लिग चरणमा सञ्चालन हुने प्रतियोगिताको उपाधि विजेता र उपविजेता टिमले शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

# चन्द्रोदयमा म्याथ क्लब

समाज संवाददाता

हेटौंडाः हेटौंडा-८, कमानेस्थित चन्द्रोदय माविका विद्यार्थीको सहभागितामा म्याथ क्लब गठन गरिएको छ । गत शनिबार ४ कक्षादेखि १० कक्षासम्मका विद्यार्थीको भेलाले ववीरा देवकोटाको अध्यक्षतामा म्याथ क्लब गठन गरिएको हो ।

क्लबको उपाध्यक्षमा आयुष धिताल, सचिवमा रितिका खतिवडा, सहसचिवमा ववीता अधिकारी र कोषाध्यक्षमा जीवन परियार चयन हुनुभएको छ। विद्यालयका प्रधानाध्यापक क्लबको संरक्षक रहने तथा ब्रजकिशोर प्रसाद गुप्ता संयोजक रहने बताइएको छ। गणित विषयमा विद्यार्थीको रुचि अभिवृद्धि गर्न, गणितको शिक्षण तथा अभ्यासमा प्रभावकारी व्यवस्थापनमा क्लबलाई महत्वपूर्ण मञ्चको रुपमा विकास गर्ने उद्देश्यले क्लब गठन गरिएको बताइएको छ ।

# वडा कार्यालय भवन उद्घाटन



*वडा कार्यालय भवन निर्माणका लागि जग्गादातालाई सम्मान गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः इन्द्रसरोवर गाउँपालिका-४, फाखेलमा वडा कार्यालयको नवनिर्मित भवन उद्घाटन गरिएको छ। प्रतिनिधिसभा सदस्य महेशकुमार बर्तौलाले सोमबार भवनको उद्घाटन गर्नुभएको हो ।

गाउँपालिका र जिल्ला समन्वय समिति मकवानपुरको संयुक्त लगानीमा वडा कार्यालय भवन निर्माण भएको ४ नम्बर वडा अध्यक्ष चन्द्रकुमार बलले जानकारी दिनुभयो । ७० लाख रुपैयाँको लागतमा चार कोठे भवन निर्माण भएको हो। यसअघि पुरानो भवनबाट सेवा प्रवाह हुँदै आएकोमा पुरानो भवन भएको जग्गा व्यक्तिको पाइएपछि नयाँ भवन निर्माण गरिएको उहाँले बताउनुभयो । स्थानीय समाजसेवीद्वय जगतबहादुर डिम्डुङ र हरि कुमार लामाले क्रमशः ६ आना ३ पैसा १२ आना जग्गा वडा कार्यालयलाई भवन बनाउन दिनुभएको थियो । ठेकेदारले समयमा काम गर्न नसक्दा ठेक्का लागेको ३ वर्षपछि मात्रै भवन निर्माण कार्य सम्पन्न भएको हो। ४ नम्बर वडा अध्यक्ष बलको अध्यक्षतामा भएको भवन उद्घाटन कार्यक्रममा गाउँपालिकाका अध्यक्ष देवकृष्ण पुडासैनी, उपाध्यक्ष उमा लामा, पालिकाका निवर्तमान अध्यक्ष जीवन लामा, प्रमुख प्रशासकीय अधिकृत प्रल्हाद कार्की, वडा नम्बर ३ का वडा अध्यक्ष प्रताप भोम्जनलगायतको उपस्थिति रहेको थियो ।

# निकुञ्ज र सरोकारवालाबीच अन्तरक्रिया

समाज संवाददाता

हेटौंडाः मनहरी गाउँपालिका वडा नम्बर ६ को कार्यालयले राष्ट्रिय निकुञ्ज र सरोकारावालाबीच अन्तरक्रिया कार्यक्रम गरेको छ। मंगलबार वडा कार्यालय भवनमा चितवन राष्ट्रिय निकुञ्जका प्रतिनिधिहरु र मध्यवर्ती क्षेत्र समितिका पदाधीकारीहरुबीच अन्तरक्रिया गरिएको हो ।

अन्तरक्रियामा सहभागी स्थानीयले वन्यजन्तुबाट स्थानीयहरु त्रसित भएको र निकुञ्जले बेवास्ता गरेको गुनासो गरेका थिए । पछिल्लो एक सातामा मात्रै बाघको आक्रमणबाट २ जनाको मृत्यु भएपछि निकुञ्जको चौतर्फी आलोचना बढेको स्थानीयको भनाइ छ ।

यसअघि स्थानीयले बिरोध गर्ने गरे पनि वन्यजन्तुले मानिसको ज्यान लिने क्रम बढेपछि स्थानीयको आक्रोश बढेको हो। निकुञ्ज प्रशासनको ध्यान ढुङ्गा, गिट्टी, बालुवा र खोलानालामा मात्र भएकाले वन्यजन्तुले मानिसको जनधनमा पुऱ्याएको क्षतिमा वास्ता नगरेको स्थानीयको बुझाइ छ।

कार्यक्रममा ६ नम्बर वडा अध्यक्ष युवराज थपलियाले नागरिकको अप्ठ्यारोमा निकुञ्ज प्रशासन मौन रहेको जिकिर गर्नुभयो। 'वन्यजन्तुले दिनहुँजसो समस्या दिन्छ र जनताले स्थानीय सरकारलाई गुनासो गर्छन्', वडाअध्यक्ष थपलियाले भन्नुभयो- 'तर निकुञ्जको कानुनले गर्दा हामी मूकदर्शक हुन बाध्य भएका छौं ।'

चितवन राष्ट्रिय निकुञ्जका संरक्षण अधिकृत सन्तबहादुर मगरले जनचेतनामूलक कार्यक्रम गरी जनतालाई सचेत बनाउन आवश्यक रहेको बताउनुभयो । सिमित स्रोत र ऐनको बाध्यताले आफूहरुले केहि गर्न नसकेको भन्दै माथिल्लो स्तरमा कुरा राखी आवश्यक समन्वयकारी भूमिका निर्वाह गर्ने उहाँको भनाइ थियो ।

गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले दीर्घकालीन समाधानको बाटो खोज्नुपर्ने बताउनुभयो । विभिन्न ठाउँमा निकुञ्जका सीमावर्ती क्षेत्रमा आरसीसी पर्खाल निर्माण गरिएको उदाहरण दिँदै छिट्टै नै संघ तथा प्रदेश सरकारसँग समन्वय गरी आवश्यक वजेटका लागि पहल गर्ने प्रतिबद्धता जनाउनुभयो ।

# विद्यार्थीले गरे गाउँपालिकाको स्थलगत भ्रमण

समाज संवाददाता

हेटौंडाः हेटौंडा-५ स्थित सिद्धार्थ शिशु सदन माविका विद्यार्थीहरुलाई एक दिने स्थलगत भ्रमण लगिएको छ । मंगलबार बकैया गाउँपालिकाको कार्यालय र गाउँपालिकामा रहेको कृषि प्रदर्शनी केन्द्रको भ्रमण गराइएको विद्यालयका शिक्षक सुन्दर लुईंटेलले जानकारी दिनुभयो ।

कक्षा ६ मा पढने विद्यार्थीहरुलाई पाठ्यक्रममा आधारित रही भ्रमणमा लगिएको हो । विद्यार्थीहरुलाई गाउँपालिकामा के कस्ता काम कार्य हुन्छन् भनि गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछानेले जानकारी गराउनुभएको शिक्षक लुईंटेलले जानकारी दिनुभयो । गाउँपालिकाका उपाध्यक्ष भक्तबहादुर खत्रीले विद्यार्थीलाई आफ्नै कार्यकक्षमा राखेर अन्तरक्रिया गर्नुभएको थियो । विद्यार्थीले गाउँपालिकामा रहेको कृषि प्रदर्शनी केन्द्रको समेत अवलोकन गरेका छन् । गाउँपालिकाको भ्रमण गरेपछि गाउँपालिकाकै सभाहलमा बसी विद्यार्थीहरुले प्रतिवेदन तयार पारेका थिए । प्रतिवेदन गाउँपालिका अध्यक्षले जाँच गरी प्रथम, द्वितीय र तृतीय हुनेलाई पुरस्कारसमेत प्रदान गरेको शिक्षक लुईंटेलले जानकारी दिनुभयो ।

त्रिभुवन विश्वविद्यालय
वन विज्ञान अध्ययन संस्थान
हेटौंडा, मकवानपुर, नेपाल

चियापसल संचालन सम्बन्धी शिलबन्दी बोलपत्र अह्वानको सूचना

सूचना प्रकाशित मितिः २०८०।०८/२० गते

यस क्याम्पसको प्रशासनीक भवन परिसरमा रहेको चियापसल १ वटा बोलकबोल प्रथाबाट संचालन गर्न इच्छुक VAT/PAN वाला व्यक्ति, फर्म वा संस्थाहरुबाट मिति २०८०।०८।२६ गतेसम्म कार्यालय समयमा रित्तपूर्वक शिलबन्दी बोलपत्र पेश गर्नुहुन पुनः अह्वान गरिएको छ । विस्तृत जानकारीको लागि क्याम्पसको सामान्य प्रशासन शाखामा सम्पर्क गर्नुहुन जानकारी गराईन्छ ।

क्याम्पस प्रशासन

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)


खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

स्वादिष्ट नेवारी खाजा

अब



होटल बासुकला (फास्टफुड) मा

- स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
- नेवारी खाजा सेट, मःम, चाउमिन, बारा, योमरी लगायत

सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

हेटौंडा-४ पारिजातपथ, ०५७-५२६०१३

अल्जाईमर्सका बिरामीलाई सहयोग गरौं

- अल्जाईमर्स प्रायः ज्येष्ठ नागरिकमा देखिने रोग हो ।
- वंशज, धुम्रपान, मोटोपन, उच्च रक्तचाप, मधुमेह र टाउकोमा लाग्ने चोटपटकका कारणले यो रोग हुन सक्छ ।
- यो रोगको प्रारम्भमा बिस्तारै बिर्सिदै जाने, मान्छे र स्थान भुल्ने, बोली र भाषामा असहजता हुने जस्ता लक्षण देखिन्छन् ।
- रोग बढ्दै जाँदा दिसापिसाबको चेतना हराउने र खाने तरिकासमेत बिर्सने लक्षण देखिन सक्छ ।
- यस्ता बिरामीलाई सहयोग गरौं, एक्लै नछोडौ र चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ